# बेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल


प.नं. : २०८१/०८२
च.नं.

मिति:२०८१/०९/१८

## सीप परिक्षणको आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) गण्डकी प्रदेश कार्यालयको मिति २०८१/०९/१२ मा प्रकाशित सूचना बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परिक्षण समिति (NSTB) बाट स्वीकृत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका अनुसार गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना र बेसीशहर नगरपालिकाको लागत साझेदारीमा सहुलियत शुल्कमा सञ्चालन हुने भौचर प्रणालीमा आधारित पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning-RPL) विधि अनुसार तपसिलका पेशाका इकाइगत (Unit-Based) सीप परिक्षणमा सहभागी हुन चाहने स्वदेशी वा वैदेशिक रोजगारीबाट अनुभव प्राप्त तथा सीपयुक्त बेसीशहर नगरपालिका भित्र स्थायी बसोवास गर्ने नेपाली नागरिकहरुले तपसिल बमोजिमका पेशा/व्यावसायमा फारम भरी रोजगार सेवा केन्द्र वा शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

### तपसिलः

### क. परीक्षण हुने व्यावसाय र तह:

| क स | पेशा | तह |
|---|---|---|
| १ | कन्सट्रक्सन मेसन | २ |
| २ | प्लम्बर | २ |
| ३ | वेल्डर | २ |
| ४ | बिल्डिङ पेन्टर | २ |
| ५ | टाईल मार्बल फिक्सर | १ |
| ६ | मोटरसाइकल मेकानिक | २ |
| ७ | सेल/मोबाइल फोन टेक्निसियन | २ |
| ८ | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| ९ | रेफ्रिजेरेटर एण्ड एयरकन्डिसन मेकानिक | २ |

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.नं. : २०८१/०८२
च.नं.

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

**ख. आबेदनको लागि न्यूनतम योग्यताः**

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यावसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ बर्षको कार्य अनुभव भएको, |
| तह २ को लागि | सम्बन्धित व्यावसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ बर्षको कार्य अनुभव भएको,<br>वा<br>सम्बन्धित व्यावसायमा तह १ को सीप परिक्षण उत्तीर्ण भएका र सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

**ग. आवेदन तथा रजिस्ट्रेसन शुल्कः रु २७० (आवेदकले व्यहोर्ने)**

**घ. सीप परिक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नुपर्ने सर्तहरुः**

१. यस सूचना तथा आवेदन फाराम सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशको वेभसाइट https://mosd.gandaki.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गण्डकी प्रदेश कार्यालयको वेभसाइट https://ctevtgandaki.org.np बाट डाउनलोड गर्न तथा बेसीशहर नगरपालिकाको रोजगार सेवा केन्द्र वा शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराम २०८१/१०/१३ गते भित्र रोजगार सेवा केन्द्र वा शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ। आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलि पल्टसम्म बुझाउन सकिनेछ।

३. आवेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको समान किसिमका फोटो २ प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उधोग/व्यवसायीले सम्बन्धित पेशा/व्यावसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। १६ वर्ष उमेर पछिको अनुभवको मात्र गणना हुनेछ।

४. स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल


प.नं. : २०८१/०८२
च.नं.

५. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परिक्षण गर्नुपर्ने पेशामा विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवाद गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ।

६. तोकिएको समयभित्र दर्ता नभएका र रीत नपुगेका आवेदन फारामहरु स्वतः रद्द हुनेछन् ।

७. आवेदकले कुनै एक पेशामा मात्र आवेदन दिन पाउनेछन् ।

**थप जानकारीको लागि सम्पर्क नम्बर ९८४६७५३५१५ (मनोज थापा) वा ९८४४३४१८१२ (पुष्पा चौहान) मा सम्पर्क गर्न सकिनेछ ।**

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत